## आ.व.२०८२।८३ को तेस्रो कार्यपालिका बैठक

आज मिति २०८२।०६।०८ गते विहान ७:०० बजे रास्री गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| | **आमन्त्रित** | | |
| १९ | वरिष्ठ शिक्षा अधिकृत | श्री विश्वास विक | |
| २० | वरिष्ठ लेखा अधिकृत | श्री लोचन [illegible] | |
| २१ | प्रशासकीय अधिकृत | श्री विकास ज्ञवाली | |
| २२ | मालपोत अधिकृत | श्री राम प्रसाद खनाल | |
| २३ | नापी अधिकृत | श्री प्रदिप ज्ञवाली | |

कृषि आमिन श्री हेमराज शर्मा

**मिति २०८२।०६।०८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिकाको समिक्षा सम्बन्धमा।
२. भू-वर्गिकरण/ कित्ताकाट सम्बन्धमा।
३. फोहोमैला व्यवस्थापन र उक्त केन्द्रको हाल सम्मको समिक्षा सम्बन्धमा।
४. योजना कार्यान्वयन सम्बन्धमा।
५. ऐन/निर्देशिका/कार्यविधि तर्जुमा र परिमार्जन सम्बन्धमा।
६. कार्यविधि सम्बन्धमा।

- खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि
- सरसफाई रनिङ शिल्ड सञ्चालन कार्यविधि २०८२ सम्बन्धमा।
- अनुगमन तथा सुपरीवेक्षक कार्यविधि २०८२ सम्बन्धमा।
- जाँचपास तथा फरफारक कार्यविधि २०८२ सम्बन्धमा।
- कार्य संचालन निर्देशिका -२०८२ सम्बन्धमा।
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संसोधन २०८२)
- सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८२

७. मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा(बेसार मेसिन हस्तान्तरण सम्बन्धमा )।
८. आर्थिक सहयोग सम्बन्धमा
९. विद्यालय कर्मचारीको नपुग तलब सम्बन्धमा।
१०. विविध विषयहरु

- गत आ.व. मा सिर्जित दायित्व रकम भुक्तानी सम्बन्धमा।
- सडक/अन्य मर्मत सम्भार
- सरुवा सहमति सम्बन्धमा।
- कामकाज खटाउने सम्बन्धमा।
- हरेरी पुजा सम्बन्धमा।
- बेस संस्थालाई प्रारम्भिक सहमति पत्र उपलब्ध गराउने सम्बन्धमा।
- सातौं राप्ती लुम्बिनी प्रादेशिक व्यापारिक पर्यटन तथा कृषि महोत्सव २०८२ सम्बन्धमा।
- अन्य विषयहरु

**मिति २०८२।०६।०८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२**- राप्ती गाउँपालिकाको भू-वर्गिकरण योजना पुर्ण नभएकोले कित्ताकाँटमा समस्या भएको हुदाँ छुट कित्तालाई समावेश गरी पुरानै वर्गिकरणलाई आधार लिई अन्तिम रुप दिने गरी पकृया अगाडि बढाउने ।

**निर्णय नं. ३-** संघीय सरकारबाट विशेष अनुदान तर्फ हस्तान्तरित कार्यक्रम तर्फ प्राप्त रु ८५ लाख मध्येबाट देहाय बमोजिम विनियोजन गर्ने ।

- रु ४५ लाख (अधिकतम)- सेग्रिगेसन उपकरण खरिद तथा जडान
- रु २० लाख क्षेत्र विस्तार
- बाँकी रकम- ट्रस लगायत अन्य संरचना निर्माण

**निर्णय नं. ४** – राप्ती गाउँपलिकाको आ.व. २०८२।८३ को वार्षिक कार्यक्रममा स्विकृत पुर्वाधार तर्फका रु ३०००००/- वा सो भन्दा माथिका योजनाहरु वडा कार्यालयबाट सिफारिस भई आएमा एकिकृत रुपमा खुला प्रतिस्पर्धाको माध्यमबाट र रु १० लाख माथिका योजनाहरुको हकमा विद्युतिय खरिद प्रणाली मार्फत ठेक्का आव्हान गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ५**- राप्ती गाउँपालिकाको विषयगत शाखा तथा वडा तर्फ विनियोजित पुर्वाधार तर्फका उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने योजनाको हकमा २०८२ कार्तिक मसान्तभित्र अनिवार्य रुपमा उपभोक्ता समिति गठन गर्न वडा कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.६** – राप्ती गाउँपालिकाको सरसफाई रनिङ शिल्ड सञ्चालन कार्यविधि, २०८२ स्विकृत गर्ने ।

**निर्णय नं.७**- राप्ती गाउँपालिकाको योजना जाँचपास तथा फरफारक कार्यविधि, २०८२ स्विकृत गर्ने ।

**निर्णय नं. ८**- राप्ती गाउँपालिकाको कार्य संचालन निर्देशिका,२०८२ स्विकृत गर्ने ।

**निर्णय नं.९**- राप्ती गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संसोधन २०८२) स्विकृत गर्ने ।

**निर्णय नं.१०-** राप्ती गाउँपालिकाको सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२ स्विकृत गर्ने ।

**निर्णय नं.११-** राप्ती गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०८२ स्विकृत गर्ने ।

**निर्णय नं.१२**- राप्ती गाउँपालिकाको वार्षिक खरिद योजना,२०८२।८३ स्विकृत गर्ने ।

**निर्णय नं.१३-** मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्वयन अन्तरगत आ.व. २०८१।८२ मा खरिद गरिएका मेशिनरी औजारहरु द्धिपक्षिय सम्झौतामा शर्त कायम गरी सुरुभी दुग्ध उत्पादन तथा कृषि विकास प्रा.लि. , राप्ती गापा ४ मौरीघाटलाई हस्तान्तरण गर्ने ।

**निर्णय नं.१४-** राप्ती गाउँपालिकाका अन्तरगत रहेका गाउँपालिकाबाट व्यवस्थापन भएको विद्यालय अनुदान शिक्षकको मासिक तलबमान माध्यमिक तह रु ३०५००।-, आधारभूत तह रु २५०००।- र प्राथमिक तहको हकमा रु २३०००।-, एक महिना बराबरको चाडपर्व खर्च र पोशाक वार्षिक १००००।- उपलब्ध गराउने । विद्यालय सहायक कर्मचारीको हकमा गाउँपालिकाबाट मासिक रु ८०००।-, बाल विकास सहजकर्ताको हकमा रु ८५००।-, गृहणी विद्यालयका सहजकर्ताको हकमा रु ११०००।-, एक महिना बराबरको चाडपर्व र पोशाक खर्च रु १००००।-प्रदान गर्ने । विद्यालय सहयोगीको हकमा मासिक रु ९५५०।- गाउँपालिकाबाट साझेदारी थप गरी नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कायम गर्ने । साथै गाउँपालिका अनुदानबाट व्यवस्थापन भएको पुनखोला बाल विकास केन्द्रका सहजकर्ताको हकमा मासिक पारिश्रमिक रु २०५००।-, जियाउल उलम मदरसा प्रा वि को सहयोगीको हकमा मासिक रु १९५५०।- एक महिना बराबरको चाडपर्व र पोशाक खर्च रु १००००।- प्रदान गर्ने । विद्यालय कर्मचारीको रुपमा कार्यरत विद्यालय कर्मचारीको तलव नेपाल सरकारको न्युनतम मापदण्ड बमोजिम १९५५०/- कायम गर्ने ।

**निर्णय नं.१५-**राप्ती गापा भित्रका सडकहरु अति आवश्यक सडकहरु मर्मत सम्भार गरी संचालनमा ल्याउन १ देखि ८ नं. वडाका लागि प्रति वडा १० घण्टाका दरले र वडा नं. ९ का लागि अधिकतम ३० घण्टाको कार्यका लागि पालिका अन्तरगत विभिन्न सडक/बाटो मर्मत सुधार शिर्षकबाट भुक्तानी हुने गरी व्याक्होलोडर संचालन गर्ने ।

**निर्णय नं.१६-** गत आ.व. २०८१।८२ मा सिर्जित दायित्व रकम भुक्तानी सम्बन्धमा देहाय बमोजिम शिर्षकबाट खर्च हुने गरी भुक्तानी दिने ।

- राप्ती गापा वडा नं. ३ को खुरुरिया र बसन्तापुर घाटमा रोयल्टी संकलनमा खटिएका श्री अरुण चौधरी र राप्ती गापा वडा नं. ६ को वगरापुर घाटमा खटिएका श्री सचितानन्द चौधरीलाई चालु आवको स्विकृत वार्षिक कार्यक्रम अन्तरगत गत आव को चालु तर्फको भुक्तानी शिर्षकबाट नीजले संकलन गरेको राजस्वको १५% रकम पारिश्रमिक रुपमा उपलब्ध गराउने ।

- आ व २०८१।८२ मा युग प्रवाह मल्टि प्रपोजबाट खरिद गरिएको धानको विउ(सावा मंसुली सव -१)को गापाले व्यहोर्ने बाँकी मध्यको रकम रु १४७,०००/- चालु आवको स्विकृत वार्षिक कार्यक्रम अन्तरगत आ व २०८१।८२ मा वितरण गरिएको धानको विउको रकम भुक्तानी र ५०% साझेदारीमा खाद्यान्न बालीको उन्नत विउ उत्पादन कार्यक्रम शिर्षकबाट भुक्तानी दिने ।

- गत आ.व.मा दायित्वमा सिर्जना भई भुक्तानी हुन नसकेका चालु खर्च तर्फका देहायका खर्चको चालु आ.व.२०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत गत आ.व. को चालु तर्फको भुक्तानी शिर्षकबाट भुक्तानी दिने ।

| सि.नं. | खर्च शिर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | २२७११ | विविध खर्च | विभिन्न कार्यक्रम, बैठकमा खाजा, खाना चिया कफि | शारदा चमेना गृह | १२०६१०/- |
| २ | २२७११ | विविध खर्च | विभिन्न कार्यक्रम, बैठकमा खाजा, खाना चिया कफि | छानो कटेज | ७३७३०/- |
| ३ | २२७११ | विविध खर्च | खाना खर्च | मःम स्टार रेष्टुरेण्ट एण्ज लज | ७५०/- |
| ४ | २११४१ | पदाधिकारी बैठक भत्ता | कार्यपालिका बैठकको भत्ता | कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु | १३४३००/- |
| ५ | २११४१ | पदाधिकारी बैठक भत्ता | आर्थिक विकास समितिको बैठक भत्ता | वियन थापा/आर्थिक विकास समितिका पदाधिकाधारी | ४८९७०/- |
| ६ | २११४१ | पदाधिकारी बैठक भत्ता | पुर्वाधार विकास समितिको बैठक भत्ता | पुर्वाधार विकास समिति पदाधिकारी | ११०५०/- |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | विधायन /सुशासन समितिको बैठक भत्ता | विधायन समितिका पदाधिकारीहरु | ४४२००/- |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा | पदाधिकारीको असारको सेवा सुविधा | गाउँसभाका सबै पदाधिकारी | ६९७०००/- |
| ९ | ३११५९ | सरसफाई केन्द्रमा संरचना निर्माण खर्च | खानेपानी जडान वापतको रकम | लालमटिया बृहत खानेपानी उपभोक्ता तथा सरसफाई समिति | १४७९३/- |
| १० | २२५२२ | कार्यक्रम संचालन खर्च | बिपन्न छात्रा तिर्सना चौधरीको पोसाक भुक्तानी | न्यू भुसाल कस्मेटिक एण्ड शु सेन्टर | ३०३४/- |
| ११ | २२७११ | विविध खर्च | विविध सामान खरिद | जनता होम डेकोर | २८५००/- |
| १२ | २२२१३ | सवारी साधन मर्मत खर्च | सवारी साधन मर्मत | अनाया मोटर्स एण्ड रिपेरिङ्ग | ५८३५०/- |
| १३ | | फोहोरमैला व्यवस्थापन तथा स्रोत केन्द्रको कामदारको खर्च | ज्याला रकम | कामदारहरु | ३१२००/- |

**निर्णय नं.१७**-राप्ती गाउँपालिकामा सि.अ.हे.व. अधिकृत (छैटौं) तहको पदमा कार्यरत श्री धन वहादुर खड्कालाई यसै कार्यालयबाट तलव भत्ता पाउने गरी स्वास्थ्य कार्यालय, दाङमा काज सरुवाका लागि सहमति प्रदान गर्ने ।

**निर्णय नं.१८**- राप्ती गाउँपालिकाको चौधरी समुदायमा प्रचलित हरेरी पुजाका लागि प्राप्त निवेदनका आधारमा वडाको सिफारिसमा प्रति टोल रु ५०००/- उपलब्ध गराउने ।

**निर्णय नं.१९-** राप्ती गाउँपालिकामा स्वास्थ्य सुरक्षा परियोजना संचालनका लागि बेस संस्था(व्याकवार्ड सोसाईटी एजुकेजन) लाई प्रारम्भिक सहमति पत्र उपलब्ध गराउने ।

**निर्णय नं.२०-** राप्ती गाउँपालिका र आकृति एड्भर्टाईजिङ, विराटनगर विच राप्ती गाउँपालिकाको क्षेत्रभित्रवाट विज्ञापन कर सम्वन्धमा आ.व. २०८०।८१ मा रु.३०५०००।-(तिन लाख) मा सम्झौता भएकोमा उक्त सम्झौताको प्रत्येक वर्ष तोकिएको दररेटमा १० प्रतिशत बढाई अर्को आ.व.को लागि पनि दोस्रो पक्षले यसै बमोजिमको ठेक्का सम्झौता गर्न चाहेमा पुनः १ बर्ष सम्म ठेक्का सम्झौता गर्न सक्ने व्यवस्था भए वमोजिम आ.व. २०८१/०८२ को लागि रु.३३५५०० ।-(तिन लाख पैतिस हजार पाँच सय) सम्झौता भएकोमा आ.व.२०८२।८३ को लागि १०% हुन आउने रकम रु ३३५५० ।-(तेत्तिस हजार पाँच सय पचास ) थप गरी रु. ३६९०५०।- (तिन लाख उन्सत्तरी हजार पचास) मा सम्झौता गर्ने ।

**निर्णय नं. २१** -राप्ती उद्योग वाणिज्य संघ, भालुवाङ,पुल्चोकलाई मिति २०८२।०९।२५ देखि २०८२।१०।०८ सम्म सातौं राप्ती लुम्बिनी प्रादेशिक व्यापारिक पर्यटन तथा कृषि महोत्सव २०८२ संचालनका लागि अनुमति प्रदान गर्ने ।

**निर्णय नं. २२** - श्री बराह प्राथमिक विद्यालय राप्ती - १ बगासोतीमा कार्यरत प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री अनुप चौधरी लाई तलवभत्ता हाल कार्यरत विद्यालयबाट वुझ्ने गरी २०८२ कार्तिक मसान्तदेखि लागु हुने गरी अर्को व्यवस्था नभए सम्मको लागि श्री सर्वोदय माध्यमिक विद्यालय, राप्ती ५ सिसहनियामा कामकाजमा खटाउने ।

**निर्णय नं.२३-** श्री श्री माध्यमिक विद्यालय राप्ती - ४ मौरीघाटमा मा गाउँपलिका अनुदान निमावि तह श्रेणीमा कार्यरत शिक्षक श्री सिता पोखेललाई तलवभत्ता हाल कार्यरत विद्यालयबाट वुझ्ने गरी अर्को व्यवस्था नभए सम्मको लागि श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, राप्ती १ भालुवाङमा कामकाजमा खटाउने ।

**निर्णय नं.२४-** राप्ती गाउँपालिका वडा नं. ३ स्थित मझमेरिया कुलो सफा गर्दा निस्केको नदिजन्य पदार्थ प्राविधिक प्रतिवेदन बमोजिम परिणाम एकिन गरी नियमानुसार रोयल्टी लिई पालिकाका आयोजना, व्यक्ति तथा पालिका बाहिर समेत बिक्रि तथा निकासी गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. २५-** राप्ती गाउँपालिका २ नं. वडा कार्यालयको च नं ३९३ मिति २०८२।०५।२९ को सिफारिस पत्र बमोजिम २०८२।०३।१७ गते निधन भएका वडा सदस्य श्री टेक बहादुर रावतलाई वडा नं. २ तर्फ आर्थिक सहयोग शिर्षकमा विनियोजित शिर्षक बाट रु ५०००० उपलब्ध गराउने ।

**निर्णय नं.२६-** राप्ती गाउँपालिका, नाम्सालिङ सामुदायिक विकास केन्द्र र उपभोक्ता समिति वीच त्रिपक्षिय सम्झौता गरी तपशिल बमोजिमको साझेदारीमा देहायका योजना संचालन गर्ने ।

| क्र.सं. | योजनाको नाम | गाउँपालिका(संघ प्रदेश तथा अन्य साझेदार संघसंस्थाको लागत साझेदरीमा संचालित पुर्वाधार निर्माण ) | नाम्सालिङ सामुदायिक विकास केन्द्र | उपभोक्ता समिति | कुल लागत |
|---|---|---|---|---|---|
| १ | रिठाहा घाट सिचाई बाँध निर्माण राप्ती गापा ९ | १,९४,०००/- | २,९१,०००/- | ८७,५३४.६१/- | ५,८७,५३४.६१ |
| २ | तल्लो घोषखोलामा सिचाईकुलो निर्माण, राप्ती गापा ९ | ३,३९,५००/- | ३,३९,५००/- | १,२०,०१०.५०/- | ६,७९,०००/- |
| ३ | सोतीटोल सिँचाई पोखरी निर्माण राप्ती गापा ९ | १,००,०००/-(वडा तर्फ विनियोजित बजेट ) | ५०,०००/- | २११७६.४७/- | १७११७६.४७/- |

**निर्णय नं.२७-** राप्ती गापाको आव २०८२।८३ को २ नं. वडा तर्फ स्विकृत कार्यक्रम वडा भित्रका भित्री सडक मर्मत तथा स्तरोन्नती शिर्षकमा विनियोजित ७५००००/-बाट २ नं. वडा समितिको सिफारिस बमोजिम स्विकृत लागत अनुमान रु २३५०००/- को अति जरुरी भएका तत्काल मर्मत सम्भार गर्नुपर्ने भित्री सडकको मर्मत सम्भार योजना संचालन गर्ने ।

**निर्णय नं.** २८-राप्ती गाउँपालिकाकामा साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद – ४ साना सवारी सञ्चालन तथा व्यवस्थापन समिति गठनका सम्बन्धमा सोही परिच्छेदको ख,घ, ङ र ज बमोजिम देहायका सदस्य मनोनित गर्ने ।

**कार्यपालिका सदस्य बाट**

- श्री गेमे खड्का ,१ नं. वडाध्यक्ष
- श्री विर बहादुर चौधरी ,२ नं. वडाध्यक्ष
- श्री सावित्री चौधरी ,कार्यपालिका सदस्य

**पालिकास्तरीय साना सवारी सञ्चालक सम्बद्ध समितिबाट**

- गौरीशकंर यातायात प्रा.लि., राप्ती ५ सिसहनियाको प्रतिनिधि
- श्री ऐरावती यातायात प्रा.लि., राप्ती १ भालुवाङको प्रतिनिधि

**उपभोक्ता अधिकारकर्मी मध्येबाट १ जना**

**साना यातायात मजदुर संघठनका प्रतिनिधि मध्येबाट १ जना**

**निर्णय नं.२९** – उपभोक्ता समितिबाट कार्यान्वयन हुने राप्ती गापा वडा नं.८ दोलाईखोला तटबन्धन मर्मत योजनाको लागि कुल लागत अनुमान २,२१,६६९.५४ रहेकोमा पालिकाले चालु आ.व.को स्विकृत वार्षिक कार्यक्रम सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत संभार शिर्षकबाट रु १,९५,०००/-विनियोजन गर्ने ।

**निर्णय नं.** ३० – राप्ती गापाको हेभि मेशिनरी औजार (व्याक्होलोडर) दुर्गम क्षेत्रमा संचालनको क्रममा खाना/खाजाको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएमा कार्यालय प्रमुखको स्विकृतिमा व्याक्होलोडर अपरेटर र हेल्परको लागि खानावापत प्रति छाक अधिकतम रु ४०० र खाजा वापत दैनिक रु २०० का दरले भुक्तानी दिने ।

**निर्णय नं.३१-** गत आव मा वडा मार्फत सम्झौता वा डोर हाजिरी मार्फत कार्यरत रहेका तपशिलका कर्मचारीलाई मिति २०८२।०४।०१ गते देखि लागु हुने गरी देहाय बमोजिम गाउँकार्यापालिकाको कार्यालय संग सम्झौता गरी सेवा करारमा लिने ।

| क्र सं. | वडा नं. | कार्यक्रमको नाम | विनियोजित रकम | नाम थर | पद | मासिक पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | जेष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | ३०००००/- | लक्ष्मी श्रेष्ठ | अ हे व | २५०००/- | |
| २ | ९ | जेष्ठ नागरिक एकल महिला अपाङ्गलाई घर घरमा स्वास्थ्य सेवा कार्यक्रम | ३०००००/- | अमिरुल्ला मिया | अ हे व | २५०००/- | |
| ३ | ५ | कार्यालय सरसफाई तथा व्यवस्पन | १८००००/- | ईशा के सी | कार्यालय सहयोगी | १५०००/- | |

**निर्णय नं.३२**- राप्ती गापा वडा नं. ८ को सिफारिस बमोजिम राप्ती गापा वडा नं. ८ मा कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भएको पिपरी बाटो ग्रावेल योजनाको विल बमोजिमको रकम रु ३०,३७५.८५/- पालिका अन्तरगत विभिन्न सडक/बाटो मर्मत सुधार शिर्षकबाट भुक्तानी दिने।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत